फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया दो.,रौतहट

प्रदेश नं.२,नेपाल

## आ. ब. २०७८/०७९ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आवहानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०६/१७ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) को ६ र दफा ६४ (च) बमोजिम तथा राजस्व परामर्स समितिको मिति २०७८/०६/१२ गतेको बैठक निर्णयानुसार फतुवा विजयपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा गिट्टी बालुवा रोडा लगायतका नदी जन्य सामग्रीहरुको विक्रिबाट कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ. ब. २०७८/०७९ को जेष्ठ मसान्त सम्मको लागि आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसीलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फारम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर (Vat) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, व्यवसाय दर्ताको नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी, आ. ब. २०७७/०७८ सम्मको करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित सो फर्म वा कम्पनि तोकिएको दस्तुर रकम यस कार्यालयका ग्लोबल आई. एम. ई बैंक लि. विजयपुर शाखामा रहेको आन्तरिक राजस्व खाता नं. E604010000007 मा जम्मा गरेको बैंक भौचर पछि फिर्ता नहुने गरी पेश गरि रित पुर्वक को गोप्य शिलवन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि बोल पत्र अहवानको यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

| सि. नं. | ठेक्का नं. आर्थिक वर्ष | ठेक्काको कार्य क्षेत्र विवरण | उत्खनन हुने अधिकतम परिमाण घन मिटरमा हुने | बोल कबोल गर्नुपर्ने न्युनतम रकम अंक बार्षिक (Vat) बाहेक | बोल पत्र फारम दस्तुर | धरौटी राख्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| ०१ | ०१/२०७८।०७९ | लालबकैया खोला रांगी,गर्जा,बोटवा, भैसही लक्ष्मीनिया घुसुकपुर नाका | ७७२२० | १,७१,००,०००।- एक करोड एकहतरी लाख मात्र । | ३०००।- | बोल कबोल अंकको ५% ले हुन आउने रकम |

शर्तहरु तथा बन्देजहरु :

१. ईच्छुक बोलपत्रदाताहरुले रु. ३०००।- तिन हजार मात्र दस्तुर फिर्ता नहुने गरी कार्यालयको नगदी रसिद वा बैंक भौचर संलग्न गरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन वा मिति २०७८।०७।१५ गते सोमवार कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी सक्नुपर्नेछ ।

२. बोलपत्र फारम भरी दर्ता गर्ने अन्तिम मिति २०७८।०७।१६ गते मंगलवार दिनको १२ बजे भित्र र कार्यालयमा दर्ता भएका बोलपत्र फारम खोल्ने मिति २०७८।०७।१६ गते मंगलवार दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रमा वा निजको प्रतिनिधिको उपस्थिति नभएकोमा बोलपत्र फारम खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र फारम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

४. शर्त सहितको बोलपत्र फारम मुल्याकंनमा समावेश गरिनेछैन बोलपत्रदाताले बोल कबोल गरेको रकम अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । काटेको अंक र अक्षरमा बोलपत्रदाताको दस्तखत गर्नुपर्नेछ अन्यथा मान्यता दिईनेछैन ।

५ बोलपत्रदाताको बोलपत्र दर्ता गर्दा आफुले बोल कबोल गरेको रकम अंकको ५% ले हुन आउने रकम ग्लोबल आई एक ई बैंक लि. विजयपुर शाखामा रहेको यस कार्यालयको आन्तिरक राजस्व खाता नं. E604010000007 खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. ठेक्का स्वीकृत पश्चात बोलपत्रदाताले बोल कबोल गरेका जम्मा रकमको ५०% ले हुन आउने रकम सम्झौता गर्नुपुर्व कार्यालयमा नगद जम्मा गर्नुपर्ने र बाँकी ५०% रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैकको कम्तिमा २०७८ असाढ मसान्त सम्मको म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ । बोलपत्रदाताको सम्झौताको समयमा ठेक्काको बोल कबोल गरेको सम्पुर्ण रकम कार्यालयमा एकमुष्ठ बुझाएमा ठेक्काको बोल कबोल गरेको कर बाहेकको रकमको अंकको सहुलियत स्वरुप १०% ले हुन आउने रकम छुट दिन सकिनेछ । ठेक्का अवधिमा अन्य कुनै किसिमको छुट, माफी, मिनाहा, समेत मागदाबी गर्न पाइनेछैन । स्वीकृत भएको बोलपत्रको सम्बन्धित बोलपत्रदाताले तोकिएको समयावधि भित्र कार्यालयमा सम्झौता गर्न नआएमा निजलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिनेछ ।

७ बोलपत्रदाताले बोल कबोल गरेको रकम अंकको १३%ले हुन आउने मूल्य अभिवृद्धि कर (Vat) को रकम सम्बन्धित आन्तिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा बुझाउनुपर्नेछ । सो बाहेक प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने आयकर लगायत अन्य कर दस्तुर तथा शुल्क समेतको करको रकम बोलपत्रदाता/ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

८ ठेक्का अवधी चाल आ. ब. २०७८/०७९ को सम्झौता गरि कार्यादेश दिएको मिति देखि प्रारम्भ भई २०७९ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

९ बोलपत्रको प्रत्येक पाना/पेजमा बोलपत्रदातामा सहिछाप गरेको हुनुपर्नेछ , ठेकेदार र कार्यालय बिच ठेक्काका शर्तहरुको सम्बन्धमा कुनै विवाद सृजना भएमा फतुवा विजयपुर नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै उजुर बाजुर लाग्नेछैन । बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१० कर, शुल्क, दस्तुर संकलन गर्ने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयबाट दस्तखत गराई छाप लगाएर कार्यालयमा रसिद नम्बर दाखिला गराएपछि मात्र कर, शुल्क, दस्तुर संकलन गर्न प्रयोगमा ल्याउनुपर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि गरेको विवरण यस कार्यालयमा पेश गर्नुपर्नेछ । विवरण पेश नगरेको कारण कार्यालयबाट ठेक्काको संकलन/उत्खनन कार्य गर्न रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जना दाबि गर्न पाउने छैन । रित पुगि वा म्याद नाघि आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

११ ठेकेदारले ढुंगा, गिट्टी र बालुवा संकलन/उत्खनन कार्य गराउँदा लाल बकैया खोलाको स्वीकृत (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्दछ । (IEE) प्रतिवेदनका शर्तहरु पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्युनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यवहोर्नुपर्नेछ । नेपाल सरकारबाट बन्देज लगाइएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाइने छैन र सो अवधिको क्षति वा मिनाहाको लागि कार्यालयमा माग दावी गर्न पाईने छैन ।

१२. सम्मानित अदालत नेपाल सरकारको निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र कार्यान्वयन गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ ।

१३ तोकिएको किस्ताको रकम म्याद भित्र कार्यालयमा नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बुझाउन बाँकी किस्ताको रकम ठेकेदारले कार्यालयमा पेश गरेको बैंक जमानतको रकमबाट असूल उपर गरिनेछ । सो अवस्थामा बुझाउन बाँकी रकमको १०% ले हुन आउने रकम थप जरिवाना समेत जोडि सरकारी रकम बाँकी सरह असुल उपर गरिने प्रकृया अगाडी बढाईने छ र त्यस्तो ठेकेदारलाई यस कार्यालयको कालो सूचि (Black List) मा राखिने छ ।

१४ यस नगरपालिकाको ठेक्का वापतको रकम बाँकी बक्यौता राखिइएको ठेक्कादार कम्पनी सँग फर्म विक्रि गर्न पाईने छैन ।

१५ यस सूचना र पट्टा/सम्झौतामा खुलाईएका शर्तहरुको हकमा सोही बमोजिम र अन्य शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

.............................

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत